# मानव अधिकार सम्बन्धी छैठौ राष्ट्रिय कार्ययोजना (आ.ब. २०८२/८३-२०८६/८७)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा)
सिंहदरबार, काठमाडौं

विषय-सूची

**परिच्छेद-१ परिचय ........ १**

**१.१ पृष्ठभूमि ........ 1**

**१.२ मानव अधिकार सम्बन्धमा नेपालको प्रतिवद्धता ........ 2**

१.२.१ संवैधानिक प्रतिवद्धता ........ २

१.२.२ नीतिगत र कानूनी प्रतिवद्धता ........ ३

१.२.३ अन्तर्राष्ट्रिय प्रतिवद्धता ........ ६

१.२.४ संस्थागत व्यवस्था ........ ७

**१.३ विगतका कार्ययोजनाको समिक्षा ........ 8**

**परिच्छेद-२ ........ १०**

**कार्ययोजनाको सोच र उद्देश्य ........ १०**

**२.१ सोच ........ 10**

**२.२ उद्देश्य ........ 10**

**२.३ सीमा ........ 10**

**२.४ अपेक्षित उपलब्धि ........ 11**

**परिच्छेद-३ ........ १२**

**कार्ययोजनाका ढाँचा र प्राथमिकताका विषय ........ १२**

**३.१ कार्ययोजनाका ढाँचा ........ 12**

**३.२ कार्ययोजनाले प्राथमिकता दिएका विषय ........ 12**

३.२.१.१ शिक्षा ........ १४

३.२.१.२ स्वास्थ्य ........ १७

३.२.१.३ खाद्य तथा उपभोक्ता अधिकार ........ २३

३.२.१.५. श्रम, रोजगार तथा सामाजिक सुरक्षा ........ ३२

३.२.१.६. बाल अधिकार र बाल न्याय ........ ४१

३.२.१.७ सामाजिक न्याय ........ ४९

३.२.१.८ खानेपानी तथा सरसफाई ........ ६५

३.२.१.९ लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास ........ ६६

३.२.१.१० वातावरण र दीगो विकास ........ ७१

३.२.१.११ साँस्कृतिक अधिकार ........ ७५

३.२.१.१२ कानूनी सुधार र न्याय प्रशासन ........ ७८

३.२.१.१३ हिरासत तथा कारागार सुधार ........ ८६

३.२.१.१४ संक्रमणकालीन न्याय ........ ९३

३.२.१.१५ राष्ट्रिय तथा संयुक्त राष्ट्र संघीय निकायका सिफारिश/सुझाव कार्यान्वयन ........ ९५

३.२.१.१६ मानव अधिकार शिक्षा ........ १०१

३.२.१.१७ संस्थागत सुदृढीकरण ........ १०५

**परिच्छेद -४ ........ १०८**

**कार्ययोजना कार्यान्वयन, समन्वय, अनुगमन र प्रतिवेदन ........ १०८**

**४.१ कार्ययोजना कार्यान्वयनमा सम्बद्ध निकायको भूमिका ........ 108**

४.१.१ जिम्मेवार निकाय ........ १०८

४.१.२ सहयोगी निकाय ........ १०८

**४.२ कार्ययोजना समन्वय संयन्त्र ........ 109**

**४.२.१ संघीय समन्वय समितिः** ........ १०९

**४.२.२ प्रदेश समन्वय समिति** ........ ११०

४.२.३ **जिल्ला समिति** ........ १११

४.२.४ **स्थानीय तह समन्वय समिति** ........ १११

**४.३ अनुगमन ........ 112**

**४.४ कार्ययोजना कार्यान्वयन प्रगति प्रतिवेदन ........ 113**

**अर्धवार्षिक/वार्षिक प्रगति प्रतिवेदनको ढाँचा** ........ ११३

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

मानव अधिकार मानवोचित तवरले जीवन यापन गर्न आवश्यक पर्ने मानवको मर्यादासँग सम्बन्धित अपरिहार्य, प्राकृतिक, नैसर्गिक, अहरणीय एवं आधारभूत अधिकार हो। मानवको सर्वाङ्गिण विकासका लागि मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु हरेक सभ्य राष्ट्र र समाजको मूल उद्देश्य रहेको छ। प्रस्तुत विषय मानिसको जीवन, समानता, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित भएकोले यसले व्यक्तिलाई अधिकारको दावी गर्ने हक र त्यसलाई पूरा गर्ने दायित्व सरकारमा सिर्जना गर्दछ। मानव अधिकारको विकास मानव सभ्यताको विकाससँगै भएको र मानव अधिकार बिना मानवीय मर्यादा, मूल्य, मान्यता र मानव सभ्यताको संरक्षण पूर्ण रुपमा हुन नसक्ने यथार्थतालाई स्वीकार गरी यसको सम्मान, संरक्षण र प्रवर्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा संस्थागत संयन्त्रको स्थापना गरी यस सम्बन्धी कार्यहरु भैरहेका छन्।

विश्व मानव परिवारका सबै सदस्यमा अन्तरनिहित प्रतिष्ठा तथा सम्मान र अविच्छिन्न अधिकारको मान्यतालाई विश्वमा स्वतन्त्रता, न्याय, शान्ति र विकासको मूल आधारका रूपमा स्वीकार गर्दै संयुक्त राष्ट्र सङ्घको महासभाले १० डिसेम्बर १९४८ का दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो। सो घोषणापत्रबाट मानवका जन्मसिद्ध एवं नैसर्गिक अधिकारलाई मानव अधिकारको रूपमा परिभाषित गरिएको छ। संयुक्त राष्ट्र संघको बडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार मानेर मानव अधिकारका विविध पक्षलाई समेट्ने गरी संयुक्त राष्ट्र सङ्घद्वारा मानव अधिकार सम्बन्धी विभिन्न महासन्धि र अनुवन्धहरु जारी हुँदै आएका छन्। नेपालले संयुक्त राष्ट्र सङ्घको सदस्य भए पश्चात् मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनको कार्यमा अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाउँदै सोको कार्यान्वयनका लागि नीतिगत, कानूनी र संस्थागत व्यवस्था गरेको छ। नेपाल मानव अधिकार सम्बन्धी सात वटा मुख्य महासन्धि र अन्य विभिन्न महासन्धिको पक्ष राष्ट्र भैसकेको छ।

अष्ट्रियाको भियनामा सन् १९९३ मा सम्पन्न संयुक्त राष्ट्र संघीय विश्व मानव अधिकार सम्मेलनले संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूलाई विश्वमा मानव अधिकार संस्कृतिको विकासका लागि सहकार्य गर्न एवं मानव अधिकारको संरक्षण र प्रवर्द्धनको लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न आह्वान गरेको थियो। विश्व मानव अधिकार सम्मेलनको सो आह्वानलाई समेत दृष्टिगत गरी नेपाल सरकारले नागरिक समाज एवं निजी क्षेत्र समेतको परामर्शमा मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यस अन्तर्गत आ.व. २०६१/०६२ देखि आ.व. २०८१/८२ सम्म पाँच वटा आवधिक राष्ट्रिय कार्ययोजना कार्यान्वयन भइसकेका छन्।

## १.२ मानव अधिकार सम्बन्धमा नेपालको प्रतिवद्धता

नेपाल अहिलेसम्म मानव अधिकारसम्बन्धी २४, अन्तराष्ट्रिय श्रम संगठन सम्बन्धी ११ र अन्तर्राष्ट्रिय मानवीय कानून (जेनेभा महासन्धी) सम्बन्धी ४ वटा महासन्धिहरुको पक्ष राष्ट्र भइसकेको छ। त्यसैगरी सार्क क्षेत्र स्तरीय दुई वटा महासन्धिहरुको समेत पक्ष राष्ट्र भैसकेको छ। नेपालले आफू पक्षराष्ट्र भएका महासन्धि कार्यान्वयन गर्ने र मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको दायित्व निर्वाह गर्नुपर्ने सन्दर्भमा कानूनी, प्रशासनिक, न्यायिक लगायतका संस्थागत संरचनाको व्यवस्था गर्ने तथा महासन्धिको व्यवस्था बमोजिम नेपालले पेश गरेको प्रतिवेदनमा सम्बन्धित समितिबाट भएका सिफारिसको कार्यान्वयन गरी अन्तरार्ष्ट्रिय प्रतिवद्धतालाई सम्बोधन गर्नुपर्ने हुँदा देहाय बमोजिमको संवैधानिक प्रतिवद्धता, नीतिगत, कानूनी, संस्थागत र संरचनागत व्यवस्थाको माध्यमबाट मानव अधिकारको संरक्षण, सम्बर्धन तथा कार्यान्वयनलाई प्रभावकारी बनाउँदै आइरहेको छः-

### १.२.१ संवैधानिक प्रतिवद्धता

नेपालको संविधानको प्रस्तावनामा मानव अधिकारप्रति प्रतिवद्ध रहने व्यवस्था गर्दै नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानको धारा १६ देखि ४६ सम्म विभिन्न ३१ किसिमका मौलिक हकको व्यवस्था छ। सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, निवारक नजरबन्द विरुद्धको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देश निकाला विरुद्धको हक र संवैधानिक उपचारको हकलाई मौलिक हकको रुपमा समेटिएको छ। साथै, संविधानद्वारा प्रदत्त मौलिक हक एवं मौलिक हकको उल्लंघनमा प्रभावकारी वैकल्पिक कानूनी उपचारको व्यवस्था नभएको अवस्थामा कानूनी हकको प्रचलन गराउने अधिकार सर्वोच्च अदालत र उच्च अदालतलाई प्रदान गरिएको छ।

साथै, नेपालको संविधानले नागरिकका देहाय बमोजिमका कर्तव्य हुने व्यवस्था गरेको छः-

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,

(ख) संविधान र कानूनको पालना गर्नु,

(ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,

(घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु।

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकायको रुपमा स्थापित गरिएको छ। त्यसैगरी राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग समेतलाई संवैधानिक निकायको रुपमा स्थापित गरिएको छ।यी संवैधानिक निकायका काम, कर्तव्य, अधिकार र दायित्वबाट नेपालले मानव अधिकारको क्षेत्रमा गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई व्यावहारिक रुप दिन सहयोग पुग्ने देखिन्छ।

१.२.२ नीतिगत र कानूनी प्रतिवद्धता

नेपालले मानव अधिकारको क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा गरेका सन्धि सम्झौताको कार्यान्वयन गर्न संविधानका निर्देशक सिद्धान्त, आवधिक योजना, सरकारको वार्षिक नीति तथा कार्यक्रम तथा विषयगत नीतिको माध्यमबाट नीतिगत प्रतिवद्धता र विभिन्न कानून निर्माण तथा परिमार्जन गरी कानूनी प्रतिवद्धता व्यक्त गरेको छ। मानव अधिकारको संरक्षण, संवर्धन गर्दै विधिको शासन कायम राख्ने, मानव अधिकारको उच्चतम प्रत्याभूतिका लागि मौलिक हक तथा मानव अधिकारका मूल्य, मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्ने र अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने जस्ता विषय राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत समेटिएका छन्। नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममा मानव अधिकारको सम्मान, संरक्षण र परिपालनालाई ध्यान दिने गरिएको र वर्तमान सोह्रौं आवधिक योजनाले संवृद्ध नेपाल सुखी नेपालीको दीर्घकालिन सोंच राखेको, दीर्घकालिन राष्ट्रिय लक्ष्य अन्तर्गत परिष्कृत र मर्यादित जीवनलाई सुखको सूचक मानेको तथा प्रमुख कार्यक्रम अन्तर्गत मानव अधिकार प्रवर्धन कार्यक्रमलाई समावेश गरेको छ।

नेपालको संविधानद्वारा प्रत्याभूत मौलिक हकको कार्यान्वयनको लागि विभिन्न नयाँ कानून निर्माण गरिएका छन् भने मुलुकमा प्रचलनमा रहेका धेरै कानूनहरु प्रत्यक्ष वा परोक्ष रुपमा व्यक्तिका हक, अधिकारको सुनिश्चिततासँग स्वाभाविक रुपले सम्बन्धित रहेका छन्। मुख्यतः देहायका ऐनहरु मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्न प्रत्यक्ष रुपमा सम्बन्धित छन्:-

| ऐन | ऐन |
|---|---|
| - सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ | - खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ |
| - खानेपानी तथा सरसफाई ऐन, २०७९ | - कारागार ऐन, २०७९ |
| - शहरी क्षेत्र एकीकृत सार्वजनिक यातायात (व्यवस्थापन ) प्राधिकरण ऐन,२०७९ | - रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ |

| | |
|---|---|
| - राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ | - वातावरण संरक्षण ऐन, २०७६ |
| - वन ऐन, २०७६ | - जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ |
| - राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ | - उपभोक्ता संरक्षण ऐन, २०७५ |
| - अपराध पीडित संरक्षण ऐन, २०७५ | - बालबालिका सम्बन्धी ऐन, २०७५ |
| - जनस्वास्थ्य सेवा ऐन, २०७५ | - आवासको अधिकार सम्बन्धी ऐन, २०७५ |
| - खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ | - वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ |
| - अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ | - राष्ट्रिय सभा निर्वाचन ऐन, २०७५ |
| - सामाजिक सुरक्षा ऐन, २०७५ | - रोजगारीको हक सम्बन्धी ऐन, २०७५ |
| - मुलुकी अपराध संहिता, २०७४ | - मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ |
| - मुलुकी देवानी संहिता, २०७४ | - मुलुकी देवानी कार्यविधि संहिता, २०७४ |
| - फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ | - अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ |
| - प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ | सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ |
| - प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ | - श्रम ऐन, २०७४ |
| - आदिवासी जनजाति आयोग ऐन, २०७४ | - राष्ट्रिय दलित आयोग ऐन, २०७४ |
| - राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ | - मधेसी आयोग ऐन, २०७४ |
| - महिला आयोग ऐन, २०७४ | - थारु आयोग ऐन, २०७४ |
| - मुस्लिम आयोग ऐन, २०७४ | - योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, |
| - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | - राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, |

| | |
|---|---|
| ऐन, २०७४ | २०७४ |
| - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | - राजनीतिक दल सम्बन्धी ऐन, २०७३ |
| - स्थानीय तह निर्वाचन ऐन, २०७३ | - मतदाता नामावली ऐन, २०७३, निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३, न्याय प्रशासन ऐन, २०७३ |
| - बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ | - खोप ऐन, २०७२ |
| - कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ | - वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ |
| - राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ | - जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन,२०६८ |
| - फोहरमैला व्यवस्थापन ऐन, २०६८ | - सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ |
| - घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ | - वैदेशिक रोजगारी ऐन, २०६४ |
| - सूचनाको हक सम्बन्धी ऐन, २०६४ | - सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ |
| - मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ | - नागरिकता ऐन, २०६३ |
| - ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ | - सैनिक ऐन, २०६३ |
| - प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ | - प्रतिलिपि अधिकार सम्बन्धी ऐन, २०५९ |
| - कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ | - बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ |
| - पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ | - आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ |
| -कानूनी सहायता ऐन, २०५४ | - यातना तथा क्षतिपूर्ति ऐन, २०५३ |

| | |
|---|---|
| - अध्यागमन ऐन, २०४९ | - आवश्यक वस्तु संरक्षण ऐन, २०१२ |
| - निजामती सेवा ऐन, २०४९ | - राष्ट्रिय प्रसारण ऐन, २०४९ |
| - समाज कल्याण परिषद् ऐन, २०४९ | - जलस्रोत ऐन, २०४९ |
| - ट्रेड युनियन ऐन, २०४९ | - छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ |
| - नेपाल सन्धि ऐन, २०४७ | - सार्वजनिक सुरक्षा ऐन, २०४६ |
| - प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ | - भू तथा जलाधार संरक्षण ऐन, २०३९ |
| - सङ्घ संस्था दर्ता ऐन, २०३४ | - कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ |
| - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ | - शिक्षा ऐन, २०२८ |
| - भूमि सम्बन्धी ऐन, २०२१ | - छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ |
| - हातहतियार खरखजाना ऐन, २०१९ | - आवश्यक पदार्थ (नियन्त्रण) अधिकार ऐन, २०१७ |
| - आवश्यक सेवा सञ्चालन ऐन, २०१४ | -आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ |

१.२.३ अन्तर्राष्ट्रिय प्रतिवद्धता

नेपालले आफू पक्षराष्ट्र भएका महासन्धिहरुको कार्यान्वयनको लागि कानून निर्माण गरी अन्तर्राष्ट्रिय सन्धिको राष्ट्रियकरण गर्दै कार्यान्वयन गरिरहेको छ। मानव अधिकारको विश्वव्यापी आवधिक समिक्षामा पहिलो सत्र सन् २००८ देखि नै सहभागी भएको र नेपालको पहिलो चक्रको विश्वव्यापी आवधिक पुनरावलोकन सन् २०११ मा, दोस्रो चक्रको पुनरावलोकन सन् २०१५ मा तेस्रो चक्रको पुनरावलोकन तेस्रो चक्रको विश्वव्यापी आवधिक पुनरावलोकन २०२१ मा र चौथो चक्रको पुनरावलोकन सन् २०२६ को जनवरी महिनामा सम्पन्न भएको थियो। तेस्रो चक्रको पुनरावलोकनबाट नेपाललाई २३३ वटा सिफारिस प्राप्त भएकोमा नेपाल सरकारले १९६ वटा सिफारिस स्वीकार (Supported) गरेको र ३७ वटा सिफारिस जानकारीमा लिएको (noted) थियो। तेस्रो चक्रको पुनरावलोकनको क्रममा प्राप्त सिफारिसलाई कार्यान्वयन कार्ययोजना बनाउन प्रतिबद्धता गरे बमोजिम नेपाल सरकारले विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७८-८२) तर्जुमा भई कार्यान्वयनको क्रममा रहेको छ। सन २०२५ को अक्टोवरमा

नेपालले चौथो विश्वव्यापी आवधिक प्रतिवेदन पेश गर्नुपर्ने भएकोले उक्त प्रतिवेदन पेश भई प्राप्त हुन आउने विश्वव्यापी आवधिक पुनरावलोकन (चौथो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन गर्न आवश्यकता अनुसारको नयाँ कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा जानेछ। सोको लागि यो राष्ट्रिय कार्ययोजनाले समेत मार्गदर्शनको रुपमा काम गर्नेछ।

सन २०१५ मा संयुक्त राष्ट्रसंघबाट कसैलाई पछाडी नछाड्ने पृष्ठभूमिबाट अगाडी सारिएको अधिकारमा आधारित दिगो विकासका १७ वटा लक्ष्य (सन् २०१६-२०३०) हासिल गर्न नेपालले चौधौं आवधिक योजनादेखि नै मुलुकको आर्थिक, सामाजिक र पर्यावरणीय परिवेश अनुसार कार्यान्वयनमा ल्याउँदै दिगो विकासका लक्ष्यलाई आन्तरिकीकरण गरिएको छ। दिगो विकास लक्ष्यलाई मध्यकालीन खर्च संरचना, प्रादेशिक र स्थानीय योजनाहरुमा आन्तरिकीकरण एवं स्थानीयकरण समेत गरिएको छ। हाल कार्यान्वयनको क्रममा रहेको सोहौं आवधिक योजना (आर्थिक वर्ष २०८१/०८२-२०८५/८६) मा शासकीय सुधार तथा सुशासन प्रवर्धनका लागि राखिएको प्रमुख कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगको संस्थागत सुदृढीकरण गर्ने, आयोगको सिफारिसमा पीडितलाई परिपूरण, राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्ने, सबै प्रकारका मौलिक हक कार्यान्वयन सम्बन्धी कानून तर्जुमा तथा कार्यान्वयन गर्ने, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको सिफारिसलाई कानून बमोजिम कार्यान्वयन गरी मानव अधिकार प्रवर्धन गर्ने कार्यक्रम समेत रहेको छ। यसबाट नेपालले अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारको संरक्षण, संवर्धन, प्रवर्धन र परिपालनाको लागि गरेको प्रतिवद्धता कार्यान्वयनमा सघाउ पुग्ने अपेक्षा गरिएको छ।

### १.२.४ संस्थागत व्यवस्था

मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न मूलतः देहाय बमोजिमका संस्थागत तथा संरचनागत व्यवस्था रहेका छन् :-

१. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं अन्य सम्वद्ध संघीय मन्त्रालय र निकाय,
२. प्रदेश सरकार एवं अन्य सम्वद्ध प्रदेश मन्त्रालय र निकाय,
३. स्थानीय तह,
४. संघीय संसदका समिति,
५. प्रदेशसभाका समिति,
६. अदालत,
७. राष्ट्रिय मानव अधिकार आयोग,
८. महान्यायाधिवक्ताको कार्यालय,
९. राष्ट्रिय महिला आयोग,

१०. राष्ट्रिय दलित आयोग,

११. राष्ट्रिय समावेशी आयोग,

१२. आदिवासी जनजाति आयोग,

१३. मधेसी आयोग,

१४. थारु आयोग,

१५. मुस्लिम आयोग।

## १.३ विगतका कार्ययोजनाको समिक्षा

संयुक्त राष्ट्र संघीय विश्व मानव अधिकार सम्मेलनको आह्वान अनुरुप नेपालले मानव अधिकारको क्षेत्रमा राष्ट्रिय कार्ययोजना तर्जुमा गरी हालसम्म पाँचवटा राष्ट्रिय कार्ययोजना कार्यान्वयन गरिसकेको छ। विश्वव्यापी रुपमा स्वीकार गरिएका मानव अधिकार सम्बन्धी मुलभूत अधिकारलाई मौलिक हकको रुपमा संविधानमा व्यवस्था गरिएको र त्यस्ता हकको कार्यान्वयन गर्न आवश्यक कानूनी व्यवस्था गर्दै आएको अवस्था छ। नागरिक र राजनीतिक अधिकारको साथसाथै शिक्षा, स्वास्थ्य, रोजगार, आवास, खानेपानी, वातावरण लगायतका आर्थिक र सामाजिक अधिकारलाई समेत मौलिक हकको रुपमा समावेश गरेर संवैधानिक प्रत्याभूति दिने मुलुकमध्ये अत्यन्त कम मुलुकहरुको सूचीमा नेपाल समावेश भएको छ। संविधान एवं कानूनद्वारा संरक्षित मानव अधिकारको कार्यान्वयनको अनुगमन गर्ने, मानव अधिकार उल्लंघनमा अनुसन्धान गर्ने, कारवाहीका लागि सिफारिस गर्ने लगायतका कार्य गर्ने स्वतन्त्र र सक्षम संवैधानिक आयोगको व्यवस्था तथा न्याय सम्पादनका लागि स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरी मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने कार्य हुँदै आएका छन्।

नेपालले नीतिगत व्यवस्था, कानूनी प्रावधान, आवधिक योजना, वार्षिक बजेट तथा कार्यक्रमको माध्यमबाट सञ्चालन गरिएका कार्यक्रम र क्रियाकलापको फलस्वरुप साक्षरता दर वृद्धि हुँदै गएको, विद्यालयमा पहुँच प्राप्त बालबालिकाको संख्यामा उल्लेख्य वृद्दि भएको, स्वास्थ्य बीमा कार्यक्रमको माध्यमबाट विपन्न नागरिकको स्वास्थ्य उपचारको पहुँचमा वृद्धि भएको, खाद्यान्नको न्युनतम मूल्य निर्धारण, दुर्गम तथा खाद्यान्न अभाव हुने स्थानमा खाद्यसंस्थान मार्फत खाद्यान्नको उपलब्धता, आवास विहिन नागरिकको लागि विभिन्न कार्यक्रमको माध्यमबाट आवास निर्माणमा सहयोग, सामाजिक सुरक्षा कार्यक्रमको माध्यमबाट श्रमिकको हकहितको संरक्षण, वैदेशिक रोजगारलाई सुरक्षित बनाउन विभिन्न मुलुकसँगको श्रम सम्झौता, श्रमिकको न्युनतम पारिश्रमिक निर्धारण, बाल अधिकारको संरक्षण गर्न निःशुल्क विद्यालय शिक्षाको व्यवस्था, बालश्रम उन्मुलन, बालसुधार गृहको व्यवस्था, बालविवाह न्युनीकरण, अपाङ्गमैत्री शिक्षाको व्यवस्था, बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था, आरक्षण, समानुपातिक प्रतिनिधित्व लगायतका समावेशीकरणको माध्यमबाट महिला, आदिवासी जनजाती, मधेशी,

दलित, थारु, मुस्लिम, पिछडिएको क्षेत्रका व्यक्तिको सार्वजनिक क्षेत्रमा प्रतिनिधित्व बढेको, सामाजिक सुरक्षा भत्ताको माध्यमबाट वृद्ध, अशक्त, अपाङ्गता भएका व्यक्ति, एकल महिला लगायत कमजोर वर्गको जीवन यापनलाई सहज बनाएको, स्वच्छ खानेपानीको पहुँचप्राप्त जनसंख्यामा उल्लेख्य वृद्धि भएको, आर्थिक, शैक्षिक, सामाजिक सशक्तिकरणका क्रियाकलापबाट गरिवी घट्दो क्रममा रहेको, विभिन्न सांस्कृतिक सम्पदाको संरक्षण, भाषा संस्कृतिको संरक्षण गरिएको, न्यायमा पहुँचलाई सहज बनाउन निःशुल्क कानूनी सहायता, पीडितमैत्री कार्यकक्षको व्यवस्था, बन्द इजलास, न्यायिक प्रक्रियामा सूचना प्रविधिको प्रयोगबाट न्याय प्रणालीमा सुधार हुँदै गएको, हिरासत तथा कारागारको अवस्थामा सुधार हुँदै गइरहेको, सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन भई संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुर्याउने दिशामा रहेको, विभिन्न सचेतनामूलक कार्यक्रम, विद्यालय शिक्षाका पाठ्यक्रम र पाठ्यपुस्तकको माध्यमबाट मानव अधिकार शिक्षाको चेतनामा विस्तार गरिदैं लगिएको, सुरक्षा निकाय लगायत विभिन्न निकायले दिने तालिम पाठ्यक्रम एवं तालिम मार्फत मानव अधिकारको संरक्षण, सम्वर्धन र परिपालनको कार्य निरन्तर सुदृढ र सक्षम हुँदै गइरहेको अवस्था छ।

मानव अधिकारको क्षेत्रमा कानूनी, संस्थागत तथा क्रियाकलापगत व्यवस्था हुँदाहुँदै पनि मुलुकको भौगोलिक विकटता, सामाजिक संरचना लगायतका कारणबाट पूर्ण रुपमा उन्मुलन हुन नसकेका केही कुप्रथाहरु, मुलुकको भौगोलिक संरचना, स्रोत साधनको सीमितताका कारण पूर्वाधार एवं सेवा सुविधाको सहज उपलब्धतामा रहेको कमी जस्ता विषय मानव अधिकारको वास्तविक उपभोगको पूर्ण प्रत्याभूतिमा समस्याको रुपमा रहेका छन्। संविधान, कानून र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप दण्डहीनताको अन्त्य र प्रभावकारी रुपमा कानूनको परिपालना गर्ने संस्कारको विकास गर्ने, विकास निर्माण सम्बन्धी क्रियाकलापलाई मानव अधिकारमैत्री बनाउन कर्तव्य वाहक र अधिकारका धारकबीच प्रभावकारी समन्वय र साझेदारी निर्माण गर्ने विषय चुनौतिका रुपमा रहेका छन्।

मानव अधिकारको सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता र सन्धि सम्झौतालाई कानूनी व्यवस्थाबाट राष्ट्रियकरण गरी मानव अधिकार संस्कृतिको विकास गर्दै सभ्य समाजको स्थापना गर्न मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाको तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिनु आवश्यक भएकोले नेपाल सरकारबाट प्रस्तुत मानव अधिकार सम्बन्धी छैठौं (२०८२/०८३-०८६/०८७) राष्ट्रिय कार्ययोजना तयार गरिएको छ।

# परिच्छेद-२
## कार्ययोजनाको सोच र उद्देश्य

### २.१ सोच

मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपालनाको माध्यमबाट मर्यादित, न्यायपूर्ण, समावेशी, र समतामूलक राष्ट्र निर्माण गर्ने।

### २.२ उद्देश्य

कार्ययोजनाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः-

१. विधिको शासनको माध्यमबाट मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्ने,

२. नेपालको संविधान र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा प्रत्याभूत कर्तव्यसहितको मानव अधिकारको उपभोग गर्ने वातावरण निर्माण गरी मर्यादित जीवन यापनको सुनिश्चितता गर्ने,

३. मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्ने,

४. सार्वजनिक तथा निजी क्षेत्रको व्यावसायिक एवं सामाजिक जीवनका सबै पक्षहरुमा मानव अधिकार संस्कृतिको विकास गर्ने,

५. संविधान प्रदत्त सामाजिक न्यायको हक कार्यान्वयनका लागि आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग, समुदायको संरक्षण र सशक्तिकरण गर्ने।

### २.३ सीमा

नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्धन गर्ने विषयमा गरेका प्रतिवद्धतालाई व्यावहारिक रुपमा कार्यान्वयन गर्न, त्यसको अवस्था विश्लेषण गर्न  र सोको आधारमा मानव अधिकारका क्षेत्रमा मुलुकले गर्नुपर्ने अन्य कार्यलाई अगाडि बढाउने प्रयोजनका लागि प्रस्तुत कार्ययोजना तर्जुमा भएको हो। नेपालको संविधानले अधिकांश मानव अधिकार सम्बन्धी विषयवस्तुलाई समेटेकोले संविधानको कार्यान्वयन हुन व्यवहारिक तथा वास्तविक अर्थमा ती अधिकारहरुको उपभोग गर्न सक्ने वातावरण निर्माण गर्नुपर्ने हुन्छ। नेपालका संघ, प्रदेश र स्थानीय तीनै तहबाट उत्तिकै जिम्मेवारी निर्वाह गरी यसको कार्यान्वयन गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ।प्रस्तुत कार्ययोजना तयार गर्दा स्रोत र साधनको उपलव्धता, मानव अधिकार सम्बन्धी संवैधानिक व्यवस्था, मौजुदा कानूनी व्यवस्था, नीति, रणनीति, सोह्रौं आवधिक योजना र मानव अधिकार सम्बन्धी विषयगत एवं क्षेत्रगत कार्ययोजना समेतका बिषयलाई

दृष्टिगत गरी मानव अधिकारका मुलभूत विषयहरूलाई मात्र समेटिएको छ। मानव अधिकारले बहुआयामिक विषयवस्तुलाई समेट्ने हुँदा विकास तथा सुशासनका क्षेत्रमा सञ्चालन हुने अन्य कार्ययोजना प्रस्तुत कार्ययोजनाको परिपूरकका रुपमा रहेका छन्। प्रत्येक जिम्मेवार तथा सहयोगी निकायले आफ्नो वार्षिक नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा यस कार्ययोजनामा अन्तर्निहित विषयवस्तुलाई समेत सम्बोधन गर्ने गरी गर्नुपर्ने र सोको लागि आवश्यक पर्ने आर्थिक तथा भौतिक स्रोत साधन, कानूनी, नीतिगत एवं संस्थागत व्यवस्था गर्ने दायित्व सम्बन्धित जिम्मेवार निकाय एवं सहयोगी निकायको हुनेछ।

## २.४ अपेक्षित उपलब्धि

१. नेपालले संविधान तथा कानूनको माध्यमबाट व्यक्त गरेका मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनको विषयले मूर्त रुप लिएको हुने।

२. संघ, प्रदेश र स्थानीय तीनै तहबाट विकासका योजना तर्जुमा, योजना कार्यान्वयन र उपभोगका विषय अधिकारमा आधारित अवधारणा अनुरुप भएको हुने।

३. मौलिक हक कार्यान्वयन गर्न निर्माण भएका कानून प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने।

४. कार्ययोजना कार्यान्वयनको अवस्था विश्लेषणको आधारमा मानव अधिकार सम्बन्धी कानूनको परिमार्जन र पुनरावलोकन गरिएको हुने।

५. मानव अधिकारको प्रतिकूल हुने सामाजिक व्यवहार (सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथा) को न्यूनीकरण भएको हुने।

६. देशको सोहौं आवधिक विकास योजनाको कार्यान्वयन र मानव अधिकार कार्ययोजना अन्तरसम्बन्धित भई कार्यान्वयन गरिएको हुने।

७. मानव अधिकार उल्लंघनको घटनामा दण्डहिनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गरिएको र क्षतिपूर्ति समयमै प्राप्त हुने वातावरण तयार भएको हुने।

८. सार्वजनिक तथा निजी क्षेत्र एवं सामाजिक जीवनका सबै पक्षमा मानव अधिकारको सम्मान गर्ने सँस्कृतिको विकास भएको हुने।

९. आर्थिक तथा सामाजिक दृष्टिले पछाडि परेका वर्ग र समुदायको संरक्षण र सशक्तिकरण भएको हुने।

१०. नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताको पालना भएको हुने।

# परिच्छेद-३

# कार्ययोजनाका ढाँचा र प्राथमिकताका विषय

## ३.१ कार्ययोजनाका ढाँचा

प्रस्तुत कार्ययोजनालाई विषयगत आधारमा क्रियाकलाप र बृहत् तालिका (Log Frame) को ढाँचामा प्रस्तुत गरिएको छ। मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनामा क्रियाकलापहरु संघ, प्रदेश तथा स्थानीय तहका सरकारी निकाय, नागरिक समाज, विकासका साझेदार समेतको सहकार्य, समन्वय, सहयोग र सहभागितामा सम्पन्न हुने गरी व्यवस्था गरिएको छ। कार्ययोजना कार्यान्वयनको प्रमुख जिम्मेवारी सम्बन्धित संघीय मन्त्रालय, प्रदेश मन्त्रालय र स्थानीय तहको हुनेछ। कार्ययोजना कार्यान्वयनको लागि आवश्यक आर्थिक स्रोत तथा साधन तत् तत् निकायको वार्षिक कार्यक्रममा समावेश गरिनेछ। प्रत्येक निकायको निमित्त निर्दिष्ट गरिएको कार्यका लागि तत् तत् निकायमा विनियोजन भएको रकमबाट व्यवस्थापन गर्नु पर्नेछ।राज्यका तीन वटै तहका सम्बन्धित जिम्मेवार निकायबाट क्षेत्रगत, विषय एवं आवश्यकता र प्राथमिकतालाई दृष्टिगत गरी उपलब्ध स्रोत साधनको कुशल विनियोजन एवं परिचालन गरी सम्बद्ध क्रियाकलाप कार्यान्वयन हुने गरी व्यवस्था गरिएको छ। राज्यका तीन वटै तहले नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यो कार्ययोजनालाई मार्गदर्शनको रुपमा लिनु पर्नेछ।कार्ययोजना कार्यान्वयनको प्रगति प्रतिवेदन पेस गर्ने जिम्मेवार निकाय, समय तथा ढाँचा समेतको व्यवस्था गरिएको छ।

## ३.२ कार्ययोजनाले प्राथमिकता दिएका विषय

नेपालको संविधान, संविधान कार्यान्वयन गर्न बनेका कानून, आवधिक योजना, सर्वोच्च अदालतका फैसला तथा निर्देशनात्मक आदेश, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस, विश्वव्यापी आवधिक पुनरावलोकन अन्तर्गतका प्राप्त हुने सिफारिस, नेपाल पक्ष भएका महासन्धि अन्तर्गतका समितिबाट प्राप्त सिफारिस, दीगो विकासका लक्ष्य र सातवटै प्रदेशमा स्थानीय तह समेतको सहभागितामा आयोजना गरिएको परामर्श एवं अन्तरक्रिया मार्फत प्राप्त सुझाव, प्रतिनिधि सभाको कानून, न्याय तथा मानव अधिकार समिति, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग, दलित हक अधिकारसँग सम्बन्धित संस्था, नागरिक समाज, विकास साझेदार लगायतका सरोकारवालाबाट प्राप्त सुझाव समेतको आधारमा आम नेपाली जनताको मानव अधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धन गर्न बहुआयामिक विषय प्रस्तुत कार्ययोजनामा समावेश गरिएको छ। सातवटै प्रदेशमा स्थानीय तह समेतको सहभागितामा आयोजना गरिएको परामर्श एवं अन्तरक्रिया कार्यक्रमको सिलसिलामा सबै प्रदेशबाट पाँचौ राष्ट्रिय कार्ययोजनामा समावेश विषयवस्तु प्रयाप्त रहेको तर प्रतिवेदनको विषयलाई प्रभावकारी बनाउनु पर्ने भनी प्राप्त सुझावलाई मनन गरी सम्पर्क व्यक्ति सहितको कार्ययोजना कार्यान्वयन, प्रगति प्रतिवेदन कार्यलाई महत्वका साथ प्रस्तुत गरिएको छ।

३.२.१ मानव अधिकार सम्बन्धी छैठौं राष्ट्रिय कार्ययोजनामा प्राथमिकता दिएका विषय देहाय बमोजिम छन्:-

३.२.१.१ शिक्षा,

३.२.१.२ स्वास्थ्य,

३.२.१.३ खाद्य र उपभोक्ता अधिकार,

३.२.१.४ आवास,

३.२.१.५ श्रम, रोजगार तथा सामाजिक सुरक्षा,

३.२.१.६ बाल अधिकार र बाल न्याय,

३.२.१.७ सामाजिक न्याय,

३.२.१.८ खानेपानी तथा सरसफाई,

३.२.१.९ लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास,

३.२.१.१० वातावरण र दीगो विकास,

३.२.१.११ सांस्कृतिक अधिकार,

३.२.१.१२ कानूनी सुधार र न्याय प्रशासन,

३.२.१.१३ हिरासत तथा कारागार सुधार,

३.२.१.१४ संक्रमणकालीन न्याय,

३.२.१.१५ राष्ट्रिय तथा संयुक्त राष्ट्रसंघीय निकायका सिफारिस/सुझाव कार्यान्वयन,

३.२.१.१६ मानव अधिकार शिक्षा,

३.२.१.१७ संस्थागत सुदृढीकरण ।

कार्ययोजनाको बृहत तालिका देहाय बमोजिम रहेको छः-

## मानव अधिकार सम्बन्धी छैठौं राष्ट्रिय कार्ययोजना (२०८२/८३-२०८६/८७)

### ३.२.१.१ शिक्षा

| क.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| १ | निरक्षरता उन्मुलन गर्ने। | १.१ साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | - | - | स्थानीय तह | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, नागरिक समाज | निरन्तर | स्थानीय तहमा सञ्चालित साक्षरता कार्यक्रमको संख्या। |
| | | १.२ पूर्ण साक्षर स्थानीय तह बनाउन विशेष कार्यक्रम सञ्चालन गर्ने। | | | स्थानीय तह | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, नागरिक समाज | पाँच वर्ष | पूर्ण साक्षर घोषणा स्थानीय तहको संख्या। |
| २ | आधारभूत विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने। | २.१ विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने। | - | - | स्थानीय तह | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, नागरिक समाज | निरन्तर | विद्यालय बाहिर रहेका बालबालिकाको घट्दो संख्या। |
| | | २.२ प्रारम्भिक बाल विकास शिक्षा अभियान सञ्चालन गर्ने। | - | - | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेशको शिक्षा हेर्ने मन्त्रालय राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, नागरिक समाज | निरन्तर | प्रारम्भिक बाल विकास शिक्षामा अध्ययन गर्ने विद्यार्थीको संख्या। |
| | | २.३ आधारभूत विद्यालय स्तरमा | - | - | स्थानीय | शिक्षा, विज्ञान तथा प्रविधि | पाँच | थप गरिएका बाल विकास |

| क.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | बाल विकास केन्द्र स्थापना गर्दै जाने। | | | तह | मन्त्रालय, प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, नागरिक समाज | वर्ष | केन्द्रको संख्या। |
| | | २.४ तोकिएको समुदाय वा आर्थिक रुपले विपन्न वा अपाङ्गता भएका, जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख एवं सीमान्तकृत समुदाय र वर्गका बालबालिकाको लागि छात्रवृत्ति, पाठ्यपुस्तक र दिवा खाजाको व्यवस्था गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | - | स्थानीय तह | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, नागरिक समाज | निरन्तर | छात्रवृत्ति, पाठ्यपुस्तक र दिवा खाजा प्राप्त गरेका लक्षित बालबालिकाको संख्या। |
| | | २.५ विद्यालय भर्ना भएका विद्यार्थीहरुको विद्यालय छाडेर जाने (drop out) प्रवृत्ति रोक्न विद्यालय छाड्ने कारण पत्ता लगाई उपयुक्त सुधारका उपायहरु अवलम्वन गर्ने। | - | - | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, नागरिक समाज | निरन्तर | विद्यालय छाडेर जाने (drop out) दरमा कमी आएको देखिने तथ्यांक। |
| | | २.६ अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकालाई आधारभूत तहसम्म छात्रवृत्ति | - | - | स्थानीय तहका वडा समिति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, नागरिक समाज | निरन्तर | अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका आधारभूत तहमा छात्रवृत्ति सहित शिक्षा प्राप्त गर्ने |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | सहितको शिक्षा उपलब्ध गराउने। | | | | | | बालबालिकाको संख्या। |
| ३. | बहुआयामिक गरिबीको क्षेत्रभित्र परेका, वहुबञ्चितिकरण, वहिष्करणमा परेका, अल्पसंख्यक तथा लोपोन्मुख, आर्थिक सामाजिक रूपमा पछाडि परेका, अपाङ्गता भएका र औपचारिक शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित नागरिकका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको समन्यायिक अवसर प्रदान गर्ने। | ३.१ अनौपचारिक शिक्षा र सीप विकास सम्बन्धी तालीम सञ्चालन गर्ने। | | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, नागरिक समाज | निरन्तर | अनौपचारिक शिक्षा र सीप विकास तालीमबाट लाभान्वित व्यक्तिको संख्या। |
| | | ३.२ आर्थिक रुपले विपन्न वा अपाङ्गता भएका, जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख एवं अति सीमान्तकृत समुदाय र वर्गलाई प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने। | | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, नागरिक समाज | निरन्तर | छात्रवृत्ति प्रदान गरिएका लक्षित वर्गका विद्यार्थीको संख्या। |
| | | ३.३ लक्षित वर्गका विद्यार्थीका लागि वित्तीय सहायता प्रदान गर्ने। | | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, नागरिक समाज | निरन्तर | वित्तीय सहायता कार्यक्रमबाट लाभान्वित लक्षित वर्गका विद्यार्थीको संख्या। |
| ४. | आधारभूत तहको शिक्षण सिकाईमा विद्यार्थीको रुचि र आवश्यकता अनुसार मातृभाषाको | आधारभूत तहको शिक्षण सिकाईमा विद्यार्थीको रुचि र आवश्यकताको आधारमा मातृभाषामा समेत पाठ्यपुस्तक | | | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सामाजिक विकास मन्त्रालय, | निरन्तर | मातृभाषामा शिक्षा प्राप्त गर्ने विद्यार्थी संख्या। |

| क.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | प्रयोग गर्ने व्यवस्था गर्ने। | तयार पारी शिक्षण सिकाईको व्यवस्था गर्ने। | | | | नागरिक समाज | | |
| ५. | उच्च शिक्षामा पहुँच नपुगेका लक्षित समूहका लागि उच्च शिक्षाको अवसर विस्तार गर्ने। | उच्च शिक्षामा पहुँच नपुगेका दलित, अपाङ्गता भएका, अल्पसंख्यक, सीमान्तकृत लगायतका लक्षित समूहका विद्यार्थीका लागि उच्च शिक्षामा पहुँचको विस्तार गर्न छात्रसहितको विशेष कार्यक्रम सञ्चालन गर्ने। | | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय,<br>स्थानीय तह | निरन्तर | विशेष कार्यक्रमबाट उच्च शिक्षाको अवसर प्राप्त लक्षित विद्यार्थीको संख्या। |
| ६. | शिक्षा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था स्पष्ट गरी कार्यान्वयन गर्ने। | संघीय शिक्षा ऐन, प्रदेश शिक्षा ऐन तथा स्थानीय शिक्षा ऐन निर्माण गरी कार्यान्वयन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय,<br>प्रदेशन आर्थिक मामिला तथा योजना मन्त्रालय | २ वर्ष | शिक्षा सम्बन्धी निर्माण र कार्यान्वयन भएका प्रदेश र स्थानीय तहको संख्या। । |

३.२.१.२ स्वास्थ्य

| क.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| १ | आधारभूत देखि विशिष्टीकृत गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समान पँहुच सुनिश्चित गर्ने। | १.१ सबै नागरिकलाई सरकारी स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने। | | | स्थानीय तह | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,<br>प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | दुई वर्ष | निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको संख्या। |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | १.२ सबै नागरिकलाई आकस्मिक स्वास्थ्य सेवामा समान पहुँचको दिने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रदेशको प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | | स्थानीय तह | निरन्तर | आकस्मिक स्वास्थ्य सेवामा पहुँच पुगेका नागरिकको संख्या। |
| | | १.३ प्रत्येक स्थानीय तहमा ५ देखि १५ शय्याको आधारभूत अस्पताल स्थापना गर्ने। | | | स्थानीय तह | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | तीन वर्ष | आधारभूत अस्पताल स्थापना भएको स्थानीय तहको संख्या। |
| | | १.४ प्रत्येक जिल्ला अस्पतालमा आधारभूत, आकस्मिक स्वास्थ्य सेवा, आकस्मिक शल्यक्रिया,प्राथमिक ट्रमा केयर र मानसिक स्वास्थ्य सेवा सहितको स्वास्थ्य सेवाको संचालन गर्ने। | | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्थानीय तह | पाँच वर्ष | आधारभूत, आकस्मिक शल्यक्रिया र प्राथमिक ट्रमा केयर सहितको स्वास्थ्य सेवा सुनिश्चित भएको अस्पतालको संख्या। |
| | | १.५ सबै स्वास्थ्य संस्थामा पूर्वाधार, जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्था सुनिश्चित गरी गुणस्तरीय र विशिष्टिकृत स्वास्थ्य सेवा प्रदान गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, | निरन्तर | पूर्वाधार, जनशक्ति, प्रविधि एवं उपकरणको उपयुक्त व्यवस्था भएका स्वास्थ्य संस्थाको संख्या । |
| | | १.६ स्वास्थ्य बीमाको कार्यक्रम मुलुकभर विस्तार गर्ने। | स्वास्थ्य तथा जनसंख्या | | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना | पाँच वर्ष | - स्वास्थ्य बीमा बाट लाभान्वित नागरिकको संख्या। |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | | मन्त्रालय | | | मन्त्रालय, प्रदेश स्वास्थ्य मन्त्रालय, स्वास्थ्य बीमा बोर्ड निजि क्षेत्रका अस्पताल वा स्वास्थ्य संस्था, | | |
| | | १.७ अशक्त, असहाय, बेवारिसे, अपाङ्गता भएका व्यक्ति, मानसिक रोगीको निःशूल्क उपचार र पुनर्स्थापना गर्ने। | | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | | स्वास्थ्य जनसंख्या मन्त्रालय, स्थानीय तह | निरन्तर | लाभान्वित बिरामीको संख्या। |
| | | १.८ सबै संघीय अस्पताल र प्रदेश मातहत अस्पतालमा ज्येष्ठ नागरिक उपचार सेवा सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्राल | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | | स्थानीय तह | निरन्तर | ज्येष्ठ नागरिक उपचार सेवा प्रदान गर्ने अस्पताल संख्या र ज्येष्ठ नागरिक बेड (Geriatric) संख्या। |
| २. | सुरक्षित मातृत्व, प्रसुति र यौन तथा प्रजनन् स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने। | २.१ सबै सरकारी स्वास्थ्य संस्थाबाट सुरक्षित मातृत्व, यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी आधारभूत सेवा उपलब्ध गराउने। | | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | स्थानीय तह | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | निरन्तर | सुरक्षित मातृत्व, यौन तथा प्रजनन् स्वास्थ्य सेवा प्राप्त गर्ने बिरामी संख्या। |
| | | २.२ समुदाय तथा विद्यालयमा किशोर किशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने। | | | स्थानीय तह | सरकारी स्वास्थ्य संस्था, स्थानीय सरकारी विद्यालय, सामुदायिक संघ संस्था | निरन्तर | कार्यक्रममा सहभागी विद्यार्थीको संख्या। |

| क.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | २.३ स्वास्थ्य संस्था वा तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सुरक्षित प्रसुति सेवा उपलब्ध गराउने। | | | स्थानीय तह | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेशस स्वास्थ्य मन्त्रालय, स्वास्थ्य संस्था | निरन्तर | सुरक्षित प्रसुति सेवा लिएका महिलाको संख्या। |
| | | २.४ सुरक्षित गर्भपतन सेवामा पहुँच पुऱ्याउने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | | स्थानीय तह, स्वास्थ्य संस्था, सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने संस्था | निरन्तर | सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने र सेवा लिने संख्या। |
| | | २.५ आङ खस्ने रोगको निःशुल्क शल्यक्रिया र उपचार गर्ने। | | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्थानीय तह स्वास्थ्य संस्था | निरन्तर | आङ खस्ने रोगको निःशुल्क शल्यक्रिया र उपचार प्राप्त गरेका महिलाहरुको संख्या। |
| | | २.६ पाठेघरको क्यान्सर उपचार निःशुल्क उपलब्ध गराउने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | | प्रदेश स्वास्थ्य मन्त्रालय स्थानीय तह | निरन्तर | पाठेघर क्यान्सरको निःशुल्क उपचार पाएका महिलाहरुको संख्या। |
| | | २.७ संस्थागत प्रसुति सेवामा सहुलियत प्रदान तथा प्रोत्साहित गर्ने। | | | स्थानीय तह | स्वास्थ्य संस्था | निरन्तर | संस्थागत सेवा प्राप्त गर्ने महिलको संख्या। |
| | | २.८ गर्भवती महिलालाई आवश्यक खोप र आधारभूत परिपूरकहरु (BASIC SUPPLEMENTS) प्रदान गर्ने। | | | स्थानीय तह | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश स्वास्थ्य मन्त्रालय | निरन्तर | खोप र BASIC SUPPLEMENTS प्राप्त गर्ने महिलाको संख्या। |

| क.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| ३. | नवजात शिशु तथा बाल स्वास्थ्य सेवामा सुधार ल्याउने। | ३.१ नवजात शिशुलाई निःशूल्क खोप तथा स्वास्थ्य सेवा उपलब्ध गराउने। | | | स्थानीय तह | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रदेश स्वास्थ्य मन्त्रालय | निरन्तर | खोप तथा स्वास्थ्य सेवा प्राप्त गर्ने नवजात शिशुको संख्या। |
| | | ३.२ एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | | स्थानीय तह | निरन्तर | एकीकृत बालरोग व्यवस्थापन सम्बन्धी सञ्चालित कार्यक्रमको संख्या। |
| | | ३.३ बहुक्षेत्रीय पोषण योजना बमोजिम सबै तहका स्वास्थ्य संस्थाबाट बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्ने। | | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | स्थानीय तह | प्रदेशको नीति तथा योजना हेर्ने आयोग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | निरन्तर | बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन भएका स्वास्थ्य संस्थाको संख्या। |
| ४. | सरुवा रोग तथा अन्य महामारीको रोकथाम, नियन्त्रण तथा उपचार गर्ने। | सरुवा रोग तथा महामारी रोगहरुको रोकथाम, नियन्त्रण एवं उपचार सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने। | | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्थानीय तह | निरन्तर | मलेरिया, कालाज्वर, जापानी इन्सेफ्लाईटिस, क्षयरोग, कुष्ठरोग, हात्तीपाइले, डेँगु, हेपाटाइटिस, कोरोना, एच.आई.भी. एड्स एवं रेबिजको रोकथाम, नियन्त्रण एवं उपचार सम्बन्धी सञ्चालित विशेष कार्यक्रमको संख्या। |
| ५. | नसर्ने खालका रोगको नियन्त्रण गर्ने। | ५.१नसर्ने खालका रोग सम्बन्धी अत्यावश्यक प्याकेज कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | | प्रदेश स्वास्थ्य मन्त्रालय, स्थानीय तह | निरन्तर | पेन कार्यक्रमबाट लाभान्वित बिरामीको संख्या। |
| | | ५.२ मानसिक स्वास्थ्य सेवाको पहुँचलाई सबै तहमा विस्तार गर्न रणनीति तथा कार्यक्रम | स्वास्थ्य तथा जनसंख्या | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | | स्थानीय तह | निरन्तर | - मानसिक स्वास्थ्य रणनीति तयार भई लागू भएको हुने, - मानसिक स्वास्थ्य सेवा प्रदान |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | बनाई कार्यान्वयन गर्ने। | मन्त्रालय | | | | | गर्ने स्वास्थ्य संस्था र त्यस्तो सेवाबाट लाभान्वितहरुको संख्या। |
| | | ५.३ कडा खालका रोगहरुको उपचारमा सहयोग पुर्याउन "बिपन्न नागरिक उपचार कार्यक्रम" सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | | स्थानीय तह | निरन्तर | लाभान्वित बिरामीहरुको संख्या। |
| ६. | आँखा, नाक, कान, घाँटी तथा मुखको स्वास्थ्य सेवालाई क्रमशः विकास र विस्तार गर्ने। | आँखा, नाक, कान, घाँटी तथा मुखको स्वास्थ्य हेरचाह सम्बन्धी प्रवर्द्धनात्मक एवं उपचारात्मक कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय | | स्थानीय तह<br>सामुदायिक संस्था | निरन्तर | सेवा प्राप्त गर्ने बिरामीको संख्या। |
| २. | कारागारहरुको भौतिक पूर्वाधारको क्षमता विस्तार एवं सुदृढीकरण गर्ने | २.१ बस्ती नभएको खुल्ला क्षेत्रमा आधुनिक प्रविधिमैत्री र पर्याप्त भौतिक सुविधायुक्त नयाँ कारागार भवन निर्माण गर्ने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, प्रदेशको आर्थिक मामिला तथा योजना हेर्ने मन्त्रालय | पाँच वर्ष | क्षमता विस्तार तथा सुदृढीकरण भएका कारागार भवनको संख्या। |
| | | २.२ मौजुदा कारागारको सुधार र क्षमता विस्तार गरी सम्भव भएसम्म क्षमता अनुसार मात्र कैदिबन्दी राख्ने व्यवस्था मिलाउने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय | - | अर्थ मन्त्रालय, सहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, महान्यायाधिवक्ताको | निरन्तर | सुधार र क्षमता विस्तार भएका कारागारको संख्या। |

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | | | | | कार्यालय, प्रदेशको आर्थिक मामिला तथा योजना हेर्ने मन्त्रालय | | |
| ३. | कारागारको समूचित व्यवस्थापन गर्ने। | ३.१ नयाँ निर्माण हुने कारागारमा छुट्टाछुट्टै पुरुष, महिला, एवं यौनिक अल्पसंख्यकका लागि बन्दी गृह, सुधार गृह, बालसुधार गृह, भवन, ब्लक वा कोठा, शौचालय निर्माण गर्ने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | अर्थ मन्त्रालय, सहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, प्रदेशको आर्थिक मामिला तथा योजना हेर्ने मन्त्रालय | निरन्तर | पुरुष, महिला, एवं यौनिक अल्पसंख्यकको लागि अलग अलग भवन, ब्लक वा कोठा, शौचालय भएको कारागार र बन्दीगृहको संख्या। |
| | | ३.२ सुरक्षाको दृष्टिकोणले विशेष सुरक्षा कक्षमा राख्नु पर्ने प्रकृतिका कैदिबन्दीहरुलाई छुट्टाछुट्टै कोठामा राख्ने व्यवस्था गर्ने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | | निरन्तर | विशेष प्रकृतिका बन्दीको लागि छुट्टाछुट्टै कोठा भएको कारागारको संख्या। |

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | ३.३ कुनै थुनुवा वा कैदी बन्दीले पालन पोषण गर्नुपर्ने नावालक भएमा निज थुना वा कैदमा रहुन्जेल त्यस्तो नाबालकको सम्पूर्ण हेरविचार, शिक्षा दिक्षा र पालनपोषणको व्यवस्था गर्ने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | अर्थ मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय,<br>प्रदेशको आर्थिक मामिला तथा योजना हेर्ने मन्त्रालय | निरन्तर | कारागार कार्यालयले सम्पूर्ण हेरविचार, शिक्षा दिक्षा र पालनपोषणको व्यवस्था गरेको नाबालकको संख्या। |
| ४. | कैदीबन्दीको मानव अधिकार र जीवन यापन सहजीकरणको व्यवस्थापन गर्ने। | ४.१ कैदिबन्दीहरुलाई मानव अधिकार सम्बन्धी तालीम , मनोसामाजिक परामर्श प्रदान गर्ने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | सम्बन्धित संवैधानिक निकाय, महान्यायाधिवक्ताको कार्यालय, नागरिक समाज, कारागार कार्यालय | निरन्तर | मानव अधिकार शिक्षा र मनोसामाजिक परामर्श परामर्श तालीमप्रास गरेका कैदीबन्दीको संख्या। |

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | ४.२ कैदिबन्दीहरुलाई आय आर्जन गर्न सकिने खालको सीपमूलक तालीम उपलब्ध गराई आयआर्जनमा आवद्ध गर्ने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | प्रदेशको सामाजिक विकास हेर्ने मन्त्रालय, कारागार व्यवस्थापन विभाग, सीपमूलक तालीम प्रदान गर्ने संघ संस्था, नागरिक समाज | निरन्तर | आय आर्जन गर्न सक्ने खालका सीपमूलक तालीम प्राप्त गर्ने कैदिबन्दीको संख्या र आयमूलक कार्यमा आवद्ध कैदीबन्दीको संख्या। |
| | | ४.३ कैदीबन्दीलाई कारागार परिसरमा कुनै कारखाना स्थापना भएकोमा त्यस्तो कारखाना वा इलम केन्द्रमा पारिश्रमिक दिई काममा लगाउने व्यवस्था गर्ने । | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | कारागार व्यवस्थापन विभाग, कारागार कार्यालय | निरन्तर | कारागारमा पारिश्रिक सहितको काम पाएका बन्दीहरुको संख्या र कारखाना वा इलम केन्द्र सञ्चालन भएका कारागारको संख्या |
| | | ४.४ प्यारोल एवं प्रोबेशन सम्बन्धी पूर्वाधार (खुला कारागार) को व्यवस्था गरी कैदीबन्दीलाई सामुदायिक सेवा र सीपमूलक कार्यमा लगाउने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय | निरन्तर | प्यारोल एवम प्रोवेशनको पूर्वाधार तयार भएको कारागारको संख्या र सामूदायिक सेवा तथा सीपमूलक कार्यमा संलग्न |

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | | | | | | | कैदीबन्दीको संख्या। |
| ५. | कैदिबन्दीहरुलाई मानवोचित सुविधा उपलब्ध गराउने। | ५.१ कारागारमा सफा खानेपानी, खेलकुद सामग्री, व्यायाम स्थल, टेलिभिजन, पुस्तकालयको व्यवस्था गर्ने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | महान्यायाधिवक्ताको कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, कारागार कार्यालय | निरन्तर | सफा खानेपानी, खेलकुद सामग्री, व्यायाम स्थल, टेलिभिजन, पुस्तकालयको व्यवस्था भएको कारागारको संख्या। |
| | | ५.२ कैदिबन्दीसँग भेटघाट कक्षको व्यवस्था गर्ने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | महान्यायाधिवक्ताको कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, कारागार व्यवस्थापन विभाग, कारागार कार्यालय | निरन्तर | कैदिबन्दीसँग भेटघाट कक्ष निर्माण भएको कारागारको संख्या। |
| | | ५.३ कैदिबन्दीहरुलाई मानवोचित खाद्य र पोशाक सुविधा उपलब्ध गराउने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | महान्यायाधिवक्ताको कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, कारागार व्यवस्थापन विभाग, कारागार कार्यालय | निरन्तर | कैदिबन्दीहरुलाई उपलब्ध गराइने खाद्यान्न र पोशाकको परिमाण। |
| | | ५.४ कैदिबन्दीको प्रजनन | गृह मन्त्रालय | प्रदेशको | - | महान्यायाधिवक्ताको | निरन्तर | प्रजनन् |

| क.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | अधिकारको संरक्षणको लागि उचित व्यवस्था मिलाउने। | | आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | | कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, कारागार कार्यालय | | अधिकारको प्रयोग गर्न माग गर्ने र प्रयोग गरेका दम्पत्तिको संख्या। |
| | | ५.५ गर्भवती वा सुत्केरी बन्दीलाई बसोबास, खानपान र स्वास्थ्य परीक्षणको सम्बन्धमा विशेष व्यवस्था गर्ने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, प्रदेश सामाजिक विकास मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, कारागार कार्यालय | निरन्तर | बसोबास, खानपान र स्वास्थ्य परीक्षणको सुविधा प्रयोग गर्ने गर्भवती वा सुत्केरी बन्दीको संख्या। |
| ६. | प्यारोल एवं प्रोबेशन (खुला कारागार), जस्ता अवधारणा अवलम्बन गर्ने। | ६.१ प्यारोल एवं प्रोवेशन सम्बन्धी निर्देशिका, मापदण्डको प्रभावकारी कार्यान्वयन गर्ने। | गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय | एक वर्ष | प्यारोल एवं प्रोवेशन सम्बन्धी मापदण्ड एवं निर्देशिका प्रयोग गर्ने कारागार संख्या |

| क.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | ६.२ प्रोवेशन तथा प्यारोल बोर्डलाई क्रियाशील बनाउने । | महान्यायाधिवक्ताको कार्यालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय | एक वर्ष | क्रियाशिल रहेका प्रोवेशन तथा प्यारोल बोर्डको संख्या। |

३.२.१.१४ संक्रमणकालीन न्याय

| क.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| १ | संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुर्‍याउने। | संविधान, सर्वोच्च अदालतको फैसला, नेपालले स्वीकार गरेको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता, विस्तृत शान्ति सम्झौतासमेतका आधारमा संक्रमणकालीन न्याय व्यवस्थालाई तार्किक निश्कर्षमा पुर्‍याउने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग,<br>सत्य निरुपण तथा मेलमिलाप आयोग | - | - | गृह मन्त्रालय<br>राष्ट्रिय मानव अधिकार आयोग | दुई वर्ष | संक्रमणकालीन न्याय तार्किक निष्कर्षमा पुगेको हुने। |

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| २. | संक्रमणकालीन न्याय व्यवस्थालाई प्रभावकारी बनाउने। | वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको संस्थागत क्षमता विकास र प्रभावकारीता लागि नेपाल सरकारले आवश्यक सहयोग उपलब्ध गराउने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, | - | - | अर्थ मन्त्रालय, गृह मन्त्रालय,<br>महान्यायाधिवक्ताको कार्यालय | एक वर्ष | आयोगहरुको क्षमता विकास र प्रभावकारिता लागि उपलब्ध गराईएको स्रोत साधन । |
| ३. | द्वन्द्वपीडितको संरक्षण गर्ने, पीडितलाई परिपूरण उपलब्ध गराउने । | ३.१ द्वन्द्वपीडित तथा विस्थापितहरुको अभिलेख व्यवस्थित गर्ने र उनीहरुलाई आवश्यक सुरक्षाको प्रत्याभूति प्रदान गर्ने। | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - | | वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग, राष्ट्रिय मानव अधिकार आयोग<br>नागरिक समाज | दुई वर्ष | सुरक्षाको प्रत्याभूति पाएका द्वन्द्वपीडित तथा विस्थापितहरुको संख्या। |
| | | ३.२ वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोगको सिफारिसको आधारमा पीडित वा आश्रित परिवारलाई परिपूरण | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - | - | वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग, | पाँच वर्ष | परिपूरण लगायतका सेवा सुविधा पाएका पीडित वा आश्रित परिवारको संख्या। |

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | लगायतका सेवा सुविधा उपलब्ध गराउने। | | | | नागरिक समाज | | |
| | | ३.३ वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोगबाट भएको सिफारिस बमोजिम पीडितलाई न्याय प्रदान गर्ने। | महान्यायाधिवक्ताको कार्यालय | - | - | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, राजनीतिक दल | दुई वर्ष | आयोगको सिफारिस बमोजिम न्याय पाएका पीडितको संख्या। |

३.२.१.१५ राष्ट्रिय तथा संयुक्त राष्ट्र संघीय निकायका सिफारिस/सुझाव कार्यान्वयन

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| १. | मानव अधिकार संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धी महासन्धिहरुको पक्ष बन्ने र कार्यान्वयनमा लैजाने। | १.१ संयुक्त राष्ट्र संघीय अन्तरदेशीय संगठित अपराध सम्बन्धी *प्रोटोकल,* २००० (*पालेर्मो प्रोटोकल*) को कार्यान्वयन गर्न सुधार गर्न बाँकी कानूनमा सुधार र कार्यान्वयन गर्ने । | गृह मन्त्रालय, | - | - | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, | ३ वर्ष | सुधार भएका कानूनको संख्या |

| क.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | | | | | श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय, स्थानीय तह, नागरिक समाज | | |
| | | १.२ संयुक्त राष्ट्र संघीय अन्तरदेशीय संगठित अपराध सम्बन्धी *प्रोटोकल,* २००० (*पालेर्मो प्रोटोकल*) को कार्यान्वयन गर्न कार्ययोजना कार्यान्वयन गर्ने । | गृह मन्त्रालय | - | - | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय, स्थानीय तह, नागरिक समाज | | पालेर्मो प्रोटोकल कार्यान्वयन कार्ययोजना कार्यान्वयन |
| | | १.३ आप्रवासी कामदार र तिनका *परिवारको सदस्यको अधिकार संरक्षण सम्बन्धी* | श्रम, रोजगार तथा सामाजिक | - | - | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह | ५ वर्ष | महासन्धिको पक्ष बन्न आवश्यक पूर्वाधारको |

| क.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | महासन्धि, १९९० को पक्ष बन्न आवश्यक पूर्वाधार तयार गर्ने। | सुरक्षा मन्त्रालय | | | मन्त्रालय, परराष्ट्र मन्त्रालय, नागरिक समाज | | व्यवस्था । |
| २ | संयुक्त राष्ट्रसंघीय प्रणाली अन्तर्गतका मानव अधिकार सम्बन्धी दायित्वको पालना गर्ने। | २.१ मानव अधिकारसम्बन्धी महासन्धि अन्तर्गत पेश गर्नुपर्ने आवधिक प्रतिवेदनहरु समयमा पेश गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महासन्धिसँग सम्बन्धित मन्त्रालय | - | - | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय | निरन्तर | मानव अधिकार सम्बन्धी महासन्धि अन्तर्गत पेश भएका प्रतिवेदनहरुको संख्या। |
| | | २.२ विश्वव्यापी आवधिक पुनरावलोकन प्रतिवेदन समयमा पेश गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - | - | परराष्ट्र मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | विश्वव्यापी आवधिक पुनरावलोकन प्रतिवेदन। |
| | | २.३ संयुक्त राष्ट्र संघीय सन्धिजन्य निकायबाट प्राप्त सञ्चार (उजुरी), मानव अधिकार परिषद्को विशेष कार्यविधि (Special Procedures) अन्तर्गत प्राप्त सञ्चार | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | | सम्बन्धित मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय | निरन्तर | सम्बन्धित निकायमा पठाइएको जवाफको संख्या। |

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | (Communication/Joint Communication) तथा प्रश्नावलीको जवाफ समयमा पठाउने। | | | | | | |
| | | २.४ सन्धिजन्य निकाय र विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिस तथा सुझाव कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बन्धित मन्त्रालय | | | प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह, नागरिक समाज | निरन्तर | सिफारिस एवं सुझाव कार्यान्वयनको संख्या। |
| ३. | राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन गर्ने । | ३.१ राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसको कार्यान्वयनको लगत तयार गरी सम्बन्धित निकायमा कार्यान्वयनका लागि पठाउने र नियमित रुपमा ताकेता (Follow-up) गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्बन्धित मन्त्रालय | सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित स्थानीय तह | सम्बन्धित निकाय | निरन्तर | आयोगबाट प्राप्त सिफारिस कार्यान्वयनको संख्या। |

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | ३.२ सिफारिस कार्यान्वयन अवस्थाको अनुगमन गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग | सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - | सम्बन्धित निकाय | निरन्तर | सिफारिस कार्यान्वयन अवस्थाको अनुगमन भएको संख्या । |
| | | ३.३ कार्यान्वयन अवस्थाको अद्यावधिक विवरण तयार गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग | सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - | सम्बन्धित निकाय | निरन्तर | सिफारिस कार्यान्वयन अवस्थाको अद्यावधिक विवरण। |
| | | ३.४ राहत तथा क्षतिपुर्तिको सम्बन्धमा भएको सिफारिस कार्यान्वयनलाई शीघ्र रुपमा अगाडी बढाउने। | गृह मन्त्रालय<br>अर्थ मन्त्रालय | - | - | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>सम्बन्धित मन्त्रालय<br>राष्ट्रिय मानव | - | सिफारिस संख्या र कार्यान्वयन सख्याको आर्थिक वर्ष अनुसारको विवरण। |

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | | | | | अधिकार आयोग | | |
| ४. | मानव अधिकारको प्रत्याभूति सम्बन्धमा विषयगत संवैधानिक आयोगका सिफारिस कार्यान्वयन गर्ने। | अन्य विषयगत संवैधानिक आयोगबाट प्राप्त उपयुक्त सिफारिस कार्यान्वयन, अनुगमन गर्ने, कार्यान्वयन अवस्थाको अद्यावधिक विवरण तयार गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बन्धित मन्त्रालय, | सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - | - सम्बन्धित निकाय<br>- सम्बन्धित विषय गत संवैधानिक आयोग | निरन्तर | सिफारिस कार्यान्वयन, अनुगमन र अद्यावधिक विवरणको संख्या। |
| ५. | संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले दिएको सिफारिस कार्यान्वयन गर्ने। | ५.१ संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट प्राप्त सिफारिस कार्यान्वयनको लागि कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - | - | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय,<br>सम्बन्धित मन्त्रालय,<br>राष्ट्रिय मानव अधिकार आयोग | २ वर्ष | कार्ययोजना तयार भई कार्यान्वयनमा गएको हुने।<br>-मानव अधिकार समितिले सन्धिजनित प्रतिवेदन र व्यक्तिगत |

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | | | | | | | उजुरीको सम्बन्धमा दिएको सिफारिस कार्यान्वयनको संख्या |
| | | ५.२ नेपाल पक्षराष्ट्र भएका सन्धिमा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिबाट प्राप्त सिफारिस कार्यावन्यन अवस्थाको अनुगमन प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - | सम्बन्धित मन्त्रालय | वार्षिक | प्रतिवेदन र अभिलेखिकरण |

### ३.२.१.१६ मानव अधिकार शिक्षा

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |

| क.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| १. | मानव अधिकार सम्बन्धी सचेतना अभिवृद्धि गर्ने। | १.१ लैंगिक हिंसा, जातीय तथा अन्य सामाजिक छुवाछूत, बोक्सा बोक्सी, छाउपडी जस्ता कुरीति विरुद्धका कानूनी व्यवस्था सम्बन्धमा सचेतनामूलक कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय<br>गृह मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून , सामाजिक विकास हेर्ने मन्त्रालय | स्थानीय तह | सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | सचेतना कार्यक्रम र सहभागीहरुको संख्या। |
| | | १.२ मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनका सम्बन्धमा प्रदेश, स्थानीय तह तथा शैक्षिक संस्थाहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्न सहकार्य गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, रक्षा मन्त्रालय, संवैधानिक आयोग,<br>नागरिक समाज, शैक्षिक संस्थाहरु | निरन्तर | सञ्चालन भएका सचेतना कार्यक्रमको संख्या। |

| क.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | | १.३ नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक कार्यान्वयन गर्न जारी भएका कानून एवं देवानी तथा फौजदारी संहिताको सम्बन्धमा सरलीकृत पुस्तिका प्रकाशन गरी प्रचार प्रसार गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - | - | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय, प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, नागरिक समाज | निरन्तर | |
| | | १.४ अर्धन्यायिक निकायका जनशक्तिका लागि मानव अधिकारका मूल्य, मान्यता तथा न्यायका मान्य सिद्धान्त सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | - | सम्बन्धित मन्त्रालय, राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्याय सेवा तालीम केन्द्र | निरन्तर | मानव अधिकार तथा न्यायका मान्य सिद्धान्त सम्बन्धी अभिमुखीकरण कार्यक्रम र लाभान्वितको संख्या। |

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| २ | मानव अधिकारको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति वा संस्थालाई उत्प्रेरित गर्ने । | मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा संलग्न व्यक्ति वा संस्थालाई मानव अधिकार राष्ट्रिय पुरस्कार प्रदान गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - | - | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | मानव अधिकार राष्ट्रिय पुरस्कार प्राप्त व्यक्तिको तथा संस्थाको संख्या। |
| ३. | सुरक्षाकर्मी र कानून कार्यान्वयन अधिकारीको मानव अधिकार र मानवीय कानून सम्बन्धी क्षमता अभिवृद्धि गर्ने। | सुरक्षा निकाय एवं कानून कार्यान्वयन गर्ने निकायका अधिकारीहरुलाई प्रदान गरिने तालीममा मानव अधिकारको विषय समाविष्ट गर्ने गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी तालीम प्रदान गर्ने। | गृह मन्त्रालय, रक्षा मन्त्रालय | - | - | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सम्बन्धित संवैधानिक आयोग, महान्यायाधिवक्ताको कार्यालय | निरन्तर | मानव अधिकार एवं मानवीय कानून समेटिएका पाठ्यक्रम तथा पाठ्यपुस्तकको आधारमा प्रदान गरिएका तालिम संख्या। |

| क.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| ४. | नागरिकहरुमा सुरक्षा निकायसँगको सम्बन्धलाई विश्वासयोग्य बनाउने। | नागरिकहरुमा सुरक्षा निकाय "नागरिकको सुरक्षाका लागि हुन" भन्ने सोंच अभिवृद्धि गरी मानव अधिकारमैत्री समाज निर्माणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | गृह मन्त्रालय, रक्षा मन्त्रालय, | प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नागरिक समाज | निरन्तर | सञ्चालन भएको सचेतनामूलक कार्यक्रमको संख्या। |

३.२.१.१७ संस्थागत सुदृढीकरण

| क.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| १ | मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि मानव अधिकारसँग सम्बन्धित संवैधानिक | १.१राष्ट्रिय मानव अधिकार आयोग, आदिबासी जनजाति आयोग, राष्ट्रिय महिला आयोग, दलित आयोग, समावेशी आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोगलाई साधन स्रोत | सम्बन्धित मन्त्रालय | - | - | अर्थ मन्त्रालय | निरन्तर | आयोगहरुको सुदृढीकरण र स्रोत साधनको उपलब्धता। |

| क.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| | आयोगहरुलाई सुदृढ बनाउने। | सम्पन्न र सुदृढ बनाउने। | | | | | | |
| | | १.२मानव अधिकार सम्बन्धी कार्यक्रम सञ्चालनमा संलग्न संस्थाहरु बीच समन्वय अभिवृद्धि गर्ने। | सबै मन्त्रालय<br>सम्बन्धित निकाय | सबै मन्त्रालय<br>सम्बन्धित निकाय | स्थानीय तह<br>सम्बन्धित निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>सम्बन्धित संवैधानिक आयोग,<br>नागरिक समाज | निरन्तर | मानव अधिकार प्रवर्द्धन गर्ने सस्थाहरु बीच समन्वयको अभिवृद्धि। |
| २. | स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने । | स्थानीय तहका न्यायिक समितिको अधिकार र यसको प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, | प्रदेशको आन्तरिक मामिला तथा कानून हेर्ने मन्त्रालय | सम्बन्धित स्थानीय तह | महान्यायाधिवक्ताको कार्यालय, अदालत<br>मुख्य न्यायाधिवक्ताको कार्यालय,<br>जिल्ला समन्वय समिति,<br>नागरिक समाज | निरन्तर | क्षमता अभिवृद्धि कार्यक्रम र सहभागीको संख्या। |

| क्र.सं. | उदेश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | **कार्यसम्पादन सूचक** |
|---|---|---|---|---|---|---|---|---|
| | | | सघ | प्रदेश | स्थानीय | | | |
| ३. | संविधान र मानव अधिकार संरक्षण सम्बन्धी कानून तथा यस कार्ययोजनाको कार्यान्वयनमा सूचना प्रविधिको प्रयोग। | ३.१संविधान, संविधान कार्यान्वयन गर्न बनेका ऐन तथा यस कार्ययोजनाको कार्यान्वयन सम्बन्धी आवधिक प्रतिवेदन, तथ्यांक, सूचना वा जानकारी संकलन र प्रशोधन गर्न विद्युतीय सफ्टवेयरको विकास गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, | | | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २ वर्ष | विद्युतीय सफ्टवेयरको विकास । |
| | | ३.१ विद्युतीय पोर्टलमा कार्ययोजना कार्यान्वयनको प्रगतिविवरण तथा प्रतिवेदन पेश गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - | - | सम्बन्धित सबै मन्त्रालय/निकाय | निरन्तर | अभिमुखिकरण गरिएका कार्ययोजना कार्यान्वयन गर्ने निकायको संख्या। |

# परिच्छेद -४

## कार्ययोजना कार्यान्वयन, समन्वय, अनुगमन र प्रतिवेदन

### ४.१ कार्ययोजना कार्यान्वयनमा सम्बद्ध निकायको भूमिका

#### ४.१.१ जिम्मेवार निकाय

कार्ययोजनाको उद्देश्य हासिल गर्नको लागि निर्धारित प्रत्येक क्रियाकलापको कार्यान्वयन गर्न प्रमुख भूमिका रहने निकायलाई जिम्मेवार निकायको रुपमा तोकिएको छ। जिम्मेवार निकायको मुख्य काम देहाय बमोजिम रहेको छः-

(क) कार्ययोजना बमोजिमका क्रियाकलाप कार्यान्वयन गर्न मुख्य उत्तरदायित्व लिने,

(ख) नीति वा कानूनको तर्जुमा वा परिमार्जन गर्नुपर्ने भएमा त्यसको नेतृत्व लिने,

(ग) आफ्नो नियमित वार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत र साधनको व्यवस्था गर्ने,

(घ) दुई वा दुई भन्दा बढी निकायको संलग्नता रहने भएमा ती निकाय बीच समन्वय गर्ने,

(ङ) कार्ययोजना कार्यान्वयनको प्रगति विवरण र प्रतिवेदनका लागि सम्पर्क व्यक्ति तोक्ने,

(च) कार्यान्वयनका क्रममा बाधा अड्काउ देखिएमा त्यस्तो बाधा अड्काउ फुकाउने,

(छ) कार्ययोजना बमोजिमको अर्ध वार्षिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने र पेश गर्ने।

#### ४.१.२ सहयोगी निकाय

कार्ययोजनामा जिम्मेवार निकायलाई तोकिएको क्रियाकलाप कार्यान्वयन गर्न सहयोगीको भूमिकामा रहने निकायलाई सहयोगी निकायको रुपमा पहिचान गरिएको छ।सहयोगी निकायको भूमिका देहाय बमोजिम हुनेछः-

(क) कार्ययोजना बमोजिमका क्रियाकलाप कार्यान्वयनका लागि जिम्मेवार निकायसँग आपसी समन्वयमा काम गर्नुपर्ने भएमा वा सहयोगको अपेक्षा गरेको अवस्थामा आवश्यक समन्वयन र सहयोग गर्ने,

(ख) सम्बन्धित क्रियाकलाप कार्यान्वयन गर्न जिम्मेवार निकायलाई सघाउने, सहभागी हुने,

(ग) कार्य योजना कार्यान्वयनका लागि जिम्मेवार निकायबाट आवश्यक स्रोत, साधन र विशेषज्ञता माग भएमा उपलब्ध गराउने,

(घ) जिम्मेवार निकाय समक्ष सम्बन्धित क्रियाकलापको सम्बन्धमा आवश्यकता अनुसार कुनै प्रस्ताव वा अनुरोध गर्ने,

(ङ) क्रियाकलाप कार्यान्वयनको प्रगति प्रतिवेदन तयार गरी जिम्मेवार निकायलाई उपलब्ध गराउने,

(च) कार्ययोजना कार्यान्वयनको सिलसिलामा अन्य आवश्यक कार्य गर्ने ।

## ४.२ कार्ययोजना समन्वय संयन्त्र

कार्ययोजना कार्यान्वयनको सुनिश्चितताका लागि विशिष्टीकृत समन्वय संयन्त्रको रुपमा संघीय स्तरमा संघीय समन्वय समिति, प्रदेशस्तरमा प्रदेश समन्वय समिति, जिल्लास्तरमा जिल्ला समितिको र स्थानीय तहमा स्थानीय तह समन्वय समितिको व्यवस्था गरिएको छ ।

### ४.२.१ संघीय समन्वय समितिः

कार्ययोजनाका क्रियाकलापसँग सम्बन्धित मन्त्रालय एवं निकायमा तोकिएका इकाई (Focal Points) लाई आवश्यक निर्देशन दिने, कार्ययोजना कार्यान्वयनको क्रममा सञ्चालन गरिने क्रियाकलापको कार्यान्वयन प्रक्रियाको समीक्षा गर्ने, मानव अधिकारका क्षेत्रमा नेपाल सरकारले अवलम्बन गर्ने नीतिगत विषयमा सुझाव दिई समग्र मानव अधिकार स्थितिको समीक्षा गर्ने, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट तयार भएको वार्षिक तथा पञ्चवर्षीय प्रतिवेदनलाई अन्तिम रुप दिने मुख्य जिम्मेवारी रहेको एक संघीय समन्वय समिति रहनेछ। संघीय समन्वय समितिको संरचना देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) मुख्य सचिव, नेपाल सरकार | — संयोजक |
| (ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरु | — सदस्य |
| (ग) नेपाल सरकारका सम्बन्धित मन्त्रालयका सचिवहरु | — सदस्य |
| (घ) सचिव, राष्ट्रिय योजना आयोग | — सदस्य |
| (ङ) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | — सदस्य |
| (च) सचिव, राष्ट्रिय मानव अधिकार आयोग | — सदस्य |
| (छ) रथि, नेपाली सेना | — सदस्य |
| (ज) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी | — सदस्य |
| (झ) सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | — सदस्य |
| (ञ) राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगका सचिवहरु | — सदस्य |
| (ट) नेपाल सरकारले तोकेका एक जना महिला सहित नागरिक समाजका तीन जना प्रतिनिधि | — सदस्य |
| (ञ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता बिषय हेर्ने सह-सचिव | — सदस्य-सचिव |

समितिको बैठक छ महिनामा कम्तीमा एक पटक र आवश्यकता अनुसार सोभन्दा बढी पटक पनि बस्न सक्नेछ। समितिले कुनै निकायका पदाधिकारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न

सक्नेछ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखाले समितिको सचिवालयको रूपमा कार्य गर्नेछ।

### ४.२.२ प्रदेश समन्वय समिति

कार्ययोजनाको कार्यान्वयनको लागि समन्वय गर्ने तथा प्रदेश सरकारले अवलम्बन गर्ने नीतिगत विषयमा सुझाव दिने, प्रदेशको मानव अधिकार स्थितिको वार्षिक प्रतिवेदन समीक्षा गर्ने र अन्तिम रुपदिने मुख्य जिम्मेवारी रहेको प्रदेश समन्वय समिति प्रत्येक प्रदेशमा रहनेछ। प्रदेश समन्वय समितिको संरचना देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) प्रमुख सचिव, प्रदेश सरकार | — संयोजक |
| (ख) प्रदेश सरकारका सबै मन्त्रालयका सचिवहरु | — सदस्य |
| (ग) प्रमुख, प्रदेश प्रहरी | — सदस्य |
| (घ) प्रतिनिधि, मुख्य न्यायाधिवक्ताको कार्यालय | — सदस्य |
| (ङ) प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोग | — सदस्य |
| (च) संयोजकले तोकेको एक जना महिला सहित नागरिक समाजका तीन जना प्रतिनिधि | — सदस्य |
| (छ) प्रदेश सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | — सदस्य-सचिव |

समितिको बैठक प्रत्येक छ महिनामा कम्तीमा एक पटक र आवश्यकता अनुसार सोभन्दा बढी पटक पनि बस्न सक्नेछ । समितिले कुनै निकायका पदाधिकारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून सम्बन्धी विषय हेर्ने महाशाखाले समितिको सचिवालयको रूपमा कार्य गर्नेछ।

### ४.२.३ जिल्ला समिति

कार्ययोजना कार्यान्वयनको सुनिश्चितताका लागि स्थानीय तहबाट हुने कार्ययोजनाको कार्यान्वयनको क्रममा समन्वय र सहजीकरण गर्ने, स्थानीय तहबाट प्राप्त प्रगति प्रतिवेदनको आधारमा जिल्लाको समग्र मानव अधिकार स्थितिको समिक्षा गर्ने, कार्ययोजना कार्यान्वयन अवस्थाको अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदन प्रदेश समन्वय समितिमा पठाउने  मुख्य जिम्मेवारी सहित प्रत्येक जिल्लामा एक जिल्ला समिति रहनेछ। जिल्ला समितिको संरचना देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, जिल्ला समन्वय समिति | — संयोजक |
| (ख) | जिल्ला समन्वय समितिका पदाधिकारीहरु | — सदस्य |
| (ग) | जिल्लास्थित नगरपालिकाका प्रमुखहरु र गाउँपालिकाका अध्यक्षहरु | — सदस्य |
| (घ) | प्रमुख जिल्ला अधिकारी | — सदस्य |
| (ङ) | जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु | — सदस्य |
| (च) | जिल्ला न्यायाधिवक्ता | — सदस्य |
| (छ) | प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई | — सदस्य |
| (ज) | प्रमुख, स्वास्थ्य कार्यालय | — सदस्य |
| (झ) | नेपाल बार एशोसिएशनका जिल्ला प्रतिनिधि | — सदस्य |
| (ञ) | नेपाल पत्रकार महासंघका जिल्ला प्रतिनिधि | — सदस्य |
| (ट) | गैर सरकारी संस्था महासंघका जिल्लास्थित प्रतिनिधि | — सदस्य |
| (ठ) | जिल्ला समन्वय अधिकारी | — सदस्य-सचिव |

समितिको बैठक प्रत्येक छ महिनामा कम्तीमा एक पटक र आवश्यकता अनुसार सोभन्दा बढी पटक पनि बस्न सक्नेछ । समितिले सम्बन्धित अन्य कार्यालयका पदाधिकारीलाई आवश्यकतानुसार समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ। समितिको सचिवालय जिल्ला समन्वय समितिको कार्यालयमा रहनेछ।

### ४.२.४ स्थानीय तह समन्वय समिति

कार्ययोजना कार्यान्वयनको सुनिश्चितताको लागि प्रत्येक स्थानीय तहमा स्थानीय तह समन्वय समितिको व्यवस्था गरिएको छ। स्थानीय तहको सम्बन्धित शाखा र कार्ययोजनाको क्रियाकलापसँग सम्बन्धित वडालाई निर्देशन दिने, कार्ययोजनाको कार्यान्वयनको क्रममा सञ्चालन गरिने क्रियाकलापको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने तथा स्थानीय तहको समग्र मानव अधिकार स्थितिको समिक्षा गर्ने, कार्ययोजना कार्यान्वयन अवस्थाको अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदन

जिल्ला समितिमा पठाउने मुख्य जिम्मेवारी स्थानीय तह समन्वय समितिको रहेको छ। स्थानीय तह समन्वय समितिको संरचना देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) प्रमुख वा अध्यक्ष, स्थानीय तह | — संयोजक |
| (ख) उप-प्रमुख वा उपाध्यक्ष, स्थानीय तह | — सदस्य |
| (ग) वडा अध्यक्षहरु | — सदस्य |
| (घ) सम्बन्धित विषय हेर्ने अधिकृतहरु | — सदस्य |
| (ङ) अध्यक्षले तोकेको एक जना महिला सहित नागरिक समाजका तीन जना प्रतिनिधि | — सदस्य |
| (च) स्थानीय तहमा रहेको सुरक्षा निकायको कार्यालयको प्रमुख | — सदस्य |
| (छ) प्रमुख प्रशासकीय अधिकृत, स्थानीय तह | — सदस्य-सचिव |

समितिको बैठक प्रत्येक छ महिनामा कम्तीमा एक पटक र आवश्यकता अनुसार सोभन्दा बढी पटक पनि बस्न सक्नेछ । समितिको सचिवालय सम्बन्धित नगर/गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ।

## ४.३ अनुगमन

कार्ययोजना कार्यान्वयनको अवस्था विश्लेषण गरी समस्याको पहिचान गर्न र कार्यान्वयनको क्रममा देखा परेका समस्या समाधानको लागि उपयुक्त सुझाव र पृष्ठपोषण दिई कार्यान्वयनलाई थप सहज एवं प्रभावकारी बनाउन कार्यान्वयन अवस्थाको अनुगमन देहायका निकायले गर्नेछन् :-

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(ख) संघीय संसद, प्रतिनिधि सभाको कानून, न्याय तथा मानव अधिकार समिति

(ग) राष्ट्रिय मानव अधिकार आयोग

(घ) संवैधानिक आयोग र निकाय

(ङ) महान्यायाधिवक्ता

(च) प्रदेश सभाको मानव अधिकार सम्बन्धी विषय हेर्ने समिति

(छ) जिल्ला समन्वय समिति

(ज) स्थानीय तहको नगरसभा र गाउँसभा

(झ) मानव अधिकार सम्बन्धी संघसंस्था/नागरिक समाज

अनुगमन गर्ने निकायले अनुगमन गर्दा देहायको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित जिम्मेवार तथा सहयोगी निकायमा पठाउनेछ।

| क्र.सं. | अनुगमन गर्न गएको स्थान | अनुगमनको विषय | कार्यान्वयन अवस्था | | | कार्यान्वयनका क्रममा देखिएका समस्या | समाधानको लागि सुझाव र पृष्ठपोषण |
|---|---|---|---|---|---|---|---|
| | | | भएको | | नभएको भए कारण | | |
| | | | लागेको समय | प्राप्त उपलब्धी | | | |
| | | | | | | | |

यसरी प्राप्त हुने सुझाव र पृष्ठपोषणलाई प्रमुख जिम्मेवार निकाय तथा सहयोगी निकायले व्यावहारिक रुपमा अवलम्बन गरी कार्ययोजना कार्यान्वयनलाई निरन्तरता दिनेछन्। अनुगमनको कार्यमा सहजीकरणको आवश्यकता भएमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सहजीकरण हुनेछ।

## ४.४ कार्ययोजना कार्यान्वयन प्रगति प्रतिवेदन

कार्ययोजना कार्यान्वयनको अवस्थाको चित्रण गर्न तथा कार्ययोजनालाई व्यावहारिक रुपले कार्यान्वयन गर्न र कार्यान्वयन गर्न नसकिने अवस्था भएमा सोको समाधानका उपाय पहिचान गर्न तथा समग्र प्रतिवेदन तयार गर्ने समेतको कार्यलाई सहज बनाउन प्रदेश समन्वय समिति, जिल्ला समिति र स्थानीय तह समन्वय समितिबाट अर्ध वार्षिक र वार्षिक प्रगति प्रतिवेदन तयार हुनेछ। यसबाट मानव अधिकार कार्ययोजनाको कार्यान्वयनमा जिम्मेवार निकायको सक्रियता बढ्न गई कार्यान्वयनले निरन्तरता प्राप्त गर्नेछ। कार्ययोजना कार्यान्वयनको अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन देहाय बमोजिमको ढाँचामा तयार गरिनेछः-

### <u>अर्धवार्षिक/वार्षिक प्रगति प्रतिवेदनको ढाँचा</u>

प्रतिवेदन पेस गर्ने निकायको नामः-

| क्र.सं. | **विषय/क्षेत्र** | **तोकिएका क्रियाकलाप** | **तोकिएको समयावधि** | **कार्यसम्पादन सूचक** | **कार्यान्वयन अवस्था** | | **कार्यान्यवन गर्न नसकिने** भए सोको **कारण** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | भएको | नभएको | | |
| | | | | | | | | |

कार्ययोजना कार्यान्वयनको अर्धवार्षिक, वार्षिक प्रगति प्रतिवेदन तयार गरी देहाय बमोजिम पेस गर्नु पर्नेछः-

(क) स्थानीय तह समन्वय समितिले अर्धवार्षिक प्रतिवेदन माघ महिनाको पहिलो हप्ता र वार्षिक प्रतिवेदन साउन महिनाको पहिलो हप्ता भित्र जिल्ला समितिको सचिवालयमा ,

(ख) जिल्ला समितिले आफ्नो जिल्ला भित्रको स्थानीय तह समन्वय समितिबाट प्राप्त प्रतिवेदनको समिक्षा गरी एकिकृत प्रतिवेदन तयार गरी आफ्नो जिल्लाको अर्धवार्षिक प्रतिवेदन माघ महिनाको दोस्रो हप्ता र वार्षिक प्रतिवेदन साउन महिनाको दोस्रो हप्ता भित्र प्रदेश समन्वय समितिको सचिवालयमा,

(ग) प्रदेश मन्त्रालयले आफ्नो मन्त्रालयगत प्रगति प्रतिवेदन तयार गरी अर्धवार्षिक प्रतिवेदन माघ महिनाको दोस्रो हप्ता र वार्षिक प्रतिवेदन साउन महिनाको दोस्रो हप्ता भित्र प्रदेश समन्वय समितिको सचिवालयमा,

(घ) प्रदेश समन्वय समितिले जिल्ला समिति र प्रदेशमन्त्रालयबाट प्राप्त प्रतिवेदन समिक्षा गरी प्रदेशको एकिकृत प्रतिवेदन तयार गरी अर्धवार्षिक प्रतिवेदन माघ मसान्त र वार्षिक प्रतिवेदन साउन मसान्त भित्र संघीय समन्वय समितिको सचिवालयमा ,

(ङ) संघीय मन्त्रालयले आफ्नो मन्त्रालयगत अर्धवार्षिक प्रतिवेदन माघ महिनाको दोस्रो हप्ता र वार्षिक प्रतिवेदन साउन महिनाको दोस्रो हप्ता भित्र संघीय समन्वय समितिको सचिवालयमा,

संघीय मन्त्रालय तथा प्रदेश समन्वय समितिबाट प्राप्त अर्धवार्षिक/वार्षिक प्रगति प्रतिवेदनको आधारमा संघीय समन्वय समितिको सचिवालयले वार्षिक प्रतिवेदन असोज मसान्त भित्र र कार्ययोजना कार्यान्वयन अवधी समाप्त भएपछि समग्र कार्ययोजनाको प्रतिवेदन तयार गरी पुष मसान्तभित्र संघीय समन्वय समितिमा पेश गरी सोको अभिलेखिकरण गर्नुपर्नेछ।